# सन्दकपुर गाउँपालिका
# स्थानीय राजपत्र

खण्ड : ८ संख्या : ११ मिति : २०८१।१०।११

भाग १

**सन्दकपुर गाउँपालिकाको गाउँसभाबाट पारित थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित बन, जैविक विविधता (वन, वातावरण, पर्यावरण) संरक्षण तथा पर्यापर्यटन ऐन, २०८१ सर्वसाधारण सबैको जानकारीको लागि प्रकाशित गरिएको छ।**

गाउँसभाबाट स्वीकृत मितिः २०८१।१०।११

प्रमणिकरण मितिः २०८१।१०।११

## थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित बन, जैविक विविधता (वन, वातावरण, पर्यावरण) संरक्षण तथा पर्यापर्यटन ऐन, २०८१

**प्रस्तावनाः** सन्दकपुर गाउँ पालिकामा अवस्थित सामुदायिक रुपमा परापुर्वदेखि प्रथाजनित कानून, मुल्य मान्यता र अभ्यास अनुसार थेबे (लिम्बू) आदिवासीले अविछिन्न संरक्षण (जगेर्ना, रेख देख, संरक्षण, सम्बर्द्धन, दिगो सदुपयोग) गरी आएको, स्थानीय समुदायसमेतको पहुँच र सदुपयोगमा रहेको जैबिक विविधता (थेबे किपट बन, वातावरण, पर्यावरण, ससामाजिक, सांस्कृतिक, मुर्त तथा अमुर्त सम्पदा, बनस्पति, जडीबुटी, जीवजन्तु अभिलेखिकरण, समुदायको संरक्षण गर्ने कार्यलाई कानूनीरुपमा मान्यता दिन, संस्थागत, संरक्षण, सम्बर्धन, संचालन, विकास तथा सदुपयोग गर्दै सम्बन्धित समुदायको आर्थिक, साँस्कृतिक, सामाजिक, पर्यापर्यटन लगायत विविध क्षेत्रको विकास गर्न, नेपाल पक्ष भएको जैबिक विविधता सम्बन्धी महासन्धि १९९२, अन्तराष्ट्रिय श्रम संगठन आदिवासी महासन्धि नं १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र (यु एन ड्रीप ) २००७, जलवायु परिबर्तन सम्बन्धी महासन्धि, कुनमिन मोन्ट्रियल फ्रेमवर्क लगायत नेपालसमेतको सहभागितामा तर्जुमा गरिएका अन्तराष्ट्रियरुपमा प्रतिबद्ध जनाइएका वातवारण, जैबिक विविधता, पर्यावरण संरक्षण सम्बन्धी अन्तराष्ट्रिय नीति कार्यान्वयन तथा सम्मान गर्न वान्छनीय भएकोले नेपालको संविधान २०७२ को भाग १८ को धारा २२६ को उपधारा १ संविधानको अनुसूची ८ को १० नं, ऐ. को २१ नं, ऐ.को २२ नं स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ११ (छ) (२), ऐ. को उपदफा (११), ऐ

उपदफा (१२), ऐ. दफा ११ (ञ) को उपदफा १२, (१३), (१६), (१९), ऐ दफा ११ (ण) को उपदफा (५), ऐ को दफा ११ (ङ) को उपदफा(१), (२), (५), (७), (१०) (१६), (१९),(२०), (२२), (२३), (२५), (२६) र ऐ को दफा १०२ समेतको आधारमा सन्दकपुर गाउँ पालिकाको १६ औं गाउसभाले यो ऐन तर्जुमा गरी लागू गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षीत बन वातावरण, जैविक विविधता संरक्षण तथा पर्यापर्यटन सम्बन्धी ऐन, २०८१** भनिनेछ ।
(२) यो ऐन सन्दकपुर गाउँपालिकाको वडा नं. ४ र ५ मा लागु हुनेछ ।
(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशित भएको मितिदेखि प्रारम्भ हुनेछ ।

## परिच्छेद २
## परिभाषा

**२. परिभाषा:** विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा:
(क) **"गाउँ पालिका"** भन्नाले सन्दकपुर गाउँ पालिकालाई जनाउने छ ।
(ख) **"कार्यपालिका"** भन्नाले सन्दकपुर गाउँपालिकाको कार्यपालिका जनाउने छ ।
(ग) **"गाउँसभा"** भन्नाले सन्दकपुर गाउँपालिका गाउँसभालाई जनाउने छ ।
(घ) **"तुम्याहाङ परिषद"** भन्नाले परिछ्छे ४ को दफा ७ बमोजिमको थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित बन, वातावरण संरक्षकतुम्याहाङ परिषद लाई जनाउनेछ ।
(ङ) **"संरक्षण तथा ब्यवस्थापन सामुदायिक समिति"** भन्नाले दफा परिछेद ५ को दफा ९ बमोजिमको समितिलाई जनाउने छ ।
(च) **"आदिवासी संरक्षकत्व"** भन्नाले थेबे (लिम्बू) आदिवासी समुदायको परम्परागत वन, जैविक विविधता, संरक्षण, सदुपयोग, सम्बर्द्धन, विकास समेतलाई जनाउनेछ ।
(छ) **"संरक्षकत्व र सम्बन्धको अधिकार"** थेबे (लिम्बू) किपट सामुदायिक बन, वातावरण पर्यावरणसँगको साँस्कृतिक, सामुदायिक, आध्यात्मिक, आर्थिक सम्बन्ध कायम गर्दै यसको निरन्तरण संरक्षण, सम्बर्द्धन, सदुपयोग र विकास गर्न पाउने अधिकारलाई जनाउने छ ।
(ज) **"पहुँचको अधिकार"** थेबे (लिम्बू) किपट सामुदायिक वन, वातावरण र जैविक विविधता जोगाउँदै निरन्तर पहुँचमा रहेका आदिवासी तथा स्थानीय समुदायको पहुँच, सदुपयोग र जगेर्नालाई अधिकार जनाउनेछ ।
(झ) **"ताम्भुङमा सामुदायिक सम्पदा "** भन्नाले याक्थुङ मुन्धुममा आधारित वन जंगल, वातावरण, पर्यावरणसँग जोडिएको मुल्य मान्यता, पूजा आजा, आध्यत्मिकता, सांस्कृतिक र प्राकृतिक लगायतको भौतिक र अभौतिक सम्पदा समेतलाई जनाउने छ ।

(ञ) **“वातावरण र आदिवासी अधिकार सम्बन्धी अन्तराष्ट्रिय कानून तथा नीति”** भन्नाले नेपालले अनुमोदन गरी कार्यान्वयनमा रहेका जैविक विविधता सम्बन्धी महासन्धि, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं १६९, यु. एन. एफ सि सि, आदिवासि अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७, कुनमिन मोन्ट्रियल फ्रेमवर्क (कुनमिङ मोन्ट्रियल जैविक विविधता सम्बन्धी अन्तराष्ट्रिय नीति) समेतलाई जनाउने छ ।

(ट) **“प्रथाजनित कानून”** थेबे (लिम्बू) किपट बन, वातावरण तथा पर्यावरण, जीवजन्तु, जैविक विविधता संरक्षण समुदायले अवलंवन तथा अभ्यास गरी आएका मुन्धुम, पूजा आजा लगायत अभ्यास गरी आएका मुल्य मान्यता, विश्वास, आस्था आदिलाई जनाउने छ ।

(ठ) **“पर्यापर्यटन”** भन्नाले वन, वातावरण, जैविक विभिधता, साँस्कृतिक मुल्य मान्यताको जगेर्ना र सम्बर्द्धन गर्दै समुदायको आर्थिक, सामाजिक, साँस्कृतिक, आदिवासी ज्ञान, सीप, प्रकृति आमासँगको सह अस्तित्व ,जीवनसँगको सम्बन्ध, सामुहिकतालगायतको आदिवासी विशिष्ठ मान्यता (Core Values)को दिगो संरक्षण, विकासहुने गरी पर्यटनका गतिविधि संचालन गर्नुलाई जनाउने छ ।

(ढ) **“अग्रिम जानकारी सहितको स्वतन्त्र मञ्जूरी/अजाम”** भन्नाले थेबे (लिम्बू) आदिवासी किपट वन र बनका संरक्षण गरी आएका समुदायलाई प्रभावित पार्ने नीति, नियम, कानून निर्माण, संशोधन परिमर्जन वा जुनसुकै प्रकारको निर्णयको योजना गर्न अगावै समुदायलाई याक्थुङ र समुदायले बुझ्ने भाषामा जानकारी दिने, समुदायको सामुहिक निर्णय गर्न पर्याप्त समय दिने र समुदायले कुनै डर, धाक,धम्की, प्रलोभन, अनुचित प्रभाव, धोका, जालसाजी जस्ता कार्य नगरी सामुहीक मञ्जुरी दिने ( हुन्छ या हुन्न भन्ने) प्रक्रिया लाई जनाउने छ ।

(ण) **“अग्रिम जानकारी सहितको स्वतन्त्र मञ्जूरीको पुर्नः प्रक्रिया”** भन्नाले समुदायले अजाम प्रक्रिया असहमति जनाएको अवस्थामा पुन मञ्जुरी प्राप्त गरिने कारबाहीलाई जनाउने छ ।

(त) **“अध्यक्ष”** अध्यक्ष भन्नाले सन्दकपुर गाउँपालिकाको अध्यक्षलाई जनाउने छ ।

(थ) **“उपाध्यक्ष”** उपाध्यक्ष भन्नाले सन्दकपुर गाउँपालिकाको उपाध्यक्षलाई जनाउने छ ।

(द) **“संविधान”** संविधान भन्नाले नेपालको संविधानलाई जनाउने छ ।

## परिच्छेद ३
## थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित बन, वातावरण, जैविक विविधता, पर्यावरणको सम्बन्ध, संरक्षण, सम्बर्द्धन, विकास, ब्यवस्थापन र सदुपयोग सम्बन्धी ब्यवस्था

३. **ताम्भुङमा सामुदायिक सम्पदा सम्बन्धको मुल्य मान्यताको सम्मानः** थेबे (लिम्बू) किपट सामुदायिक जैविक विविधताको संरक्षण र सदुपयोगको विशिष्ट मुल्यमान्यता अनुसार प्रकृति मातासँगको साँस्कृतिक, अध्यात्मिक, भावनात्मक, मनोबैज्ञानिक, स्वस्थ्य जिवन, सह अस्तित्व, अन्तर सम्बन्धलाई विशिष्ट स्थान दिइने छ । कुनै पनि निर्णय सामुहिक भावनालाई ध्यानमा राखेर गरिने छ ।

४. **थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित बनक्षेत्र, जैविक विविधता र पर्यावरणको क्षेत्र:** यसको क्षेत्र अन्तरगत थेबे (लिम्बू) समुदायले परापुर्वदेखि संरक्षण, भोग, जगेर्ना, विकास गर्दै आएको पूर्वमा चिसापानी खोला, कैया कट्टा पश्चिममा बेङमाटार, बकस ढुगा उत्तरमा बतासे, नागढुंगा र दक्षिणमा अर्थपा भिर अर्थपा गल्छिडी) यति चार किल्ला भित्रको ९७९.७४५ हेक्टर क्षेत्रफल रहेको छ । यसमा परम्परागत/प्रथाजनितरुपले संरक्षण, व्यवस्थापन र उपयोग गरेको बन, कृषि जिबिकोपार्जनमा प्रयोग गरिएको जमिन, जलाधार, खर्क, चरन, गोठ राख्ने स्थान, सांस्कृतिक तथा आध्यात्मिक स्थल,जलस्रोत, जलाधार चिहान लगायतका अनुसूची १ को नक्शामा दिइएका भूमिहरु पर्दछन् । यस क्षेत्रमा रेडपाण्डा, थार, चितुवा, भालु, निगाले,झारल, मानसाप्रा, मृग, बाँदर, बँदेल, दुम्सी, राज पंक्षी, पेलामे, जस्ता दुर्लभ जीवजन्तु, समुदायले संरक्षण गर्दै आएको बन जंगलमा लौठ सल्ला, विभिन्न प्रजातिका गुराँस, चाँप,काउलो, कटुस, मालिङ्गो, भालुचिण्डे, लोक्ता, बज्राँठ, फलाँट लगाय बिभिन्न हजारौं बर्ष पुराना रुख विरुवा अनि बिखुमा, खोकिम, हाडजोर, चिराइतो, चिम्फिङ, खानक्पा, टिम्बुर, सतुवा लगायत सयौं प्रजातिका जडीबुटी सयौं प्रजातिका चराचुरुङ्गी, पुतलि, बनस्पति, वनमा पाइने फलफूल, जैविक विविधता, पर्यावरण, जलाधार समेतरहेको छ ।

५. **थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित बनक्षेत्र, जैविक विविधता र पर्यावरणसँग समुदायको सम्बन्धः** (१) थेबे (लिम्बु) समुदायले संरक्षण गर्दै आएको वन क्षेत्र, जैविक विविधता, पर्यावरणसँग निरन्तर आदिवासी संरक्षकत्वको र सम्बन्धको अधिकार रहने छ ।

(२) उपदफा (१) मा उल्लिखित थेबे (लिम्बू) आदिवासी, अन्य आदिवासी स्थानीय समुदायले जगेर्ना गर्दै आएको वनक्षेत्र तथा स्रोतमा दिगोरुपमा जगेर्ना गर्दै विकास तथा सदुपयोग गर्न पाउनेछ ।

६. **अग्रिम जानकारी सहितको स्वतन्त्र मञ्जूरी सम्बन्धी ब्यवस्थाः**

(१) थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित वन क्षेत्र, वातावरण, पर्यावरण, जैविक विविधतासँगको समुदायको अन्तर सम्बन्धमा प्रत्यक्ष वा अप्रत्यक्ष प्रभाव पार्ने, खलल पुऱ्याउने कुनै पनि क्रियाकलाप सम्बन्धमा समुदायको अग्रिम जानकारी सहितको मञ्जूरी लिनु पर्नेछ । यस्तो मञ्जुरी तुम्याहाङ परिषदले समुदायका प्रत्येक घरधुरीको महिला, पुरुष, अपांगता भएका, ज्येष्ठ नागरिक, युवालगायतको अर्थपुर्ण सहभागितामा सामुहिक सहमतिको आधारमा दिनेछ । अग्रिम जानकारी सहितको मञ्जुरीकोलागि सामुदायिक अजाम बन्देज परिषदले तयार गरी लागू गर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अग्रिम जानकारी सहितको स्वतन्त्र मञ्जुरीको कार्यान्वयनको लागि अजाम बन्देज तर्जुमा गर्दा सन्दकपुर गा. पा. सँग आवश्यक सहयोग लिई तर्जुमा गरिने छ । कार्यान्वयनको लागि आवश्यक सहजीकरण पालिकासँग प्राप्त गरिने छ ।

(३) अजाम बन्देज तयारी गर्दा नेपालको संविधान, अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र २००७, सुशासन (कार्यान्वयन तथा संचालन) ऐन २०६४ स्थानीय सरकार संचालन ऐन २०७४, कुनमिन मोन्ट्रियल फ्रेमवर्क ब्यवस्था अनुरुप बनाईने छ ।

## परिच्छेद ४
## तुम्याहाङ परिषदको गठन, ब्यवस्था तथा काम कर्तब्य अधिकार

**७. तुम्याहाङ परिषदको गठनः**

(१) तुम्याहाङ परिषदमा थेबे (लिम्बू) किपट समुदाय र स्थानीय थेबे (लिम्बू) किपट प्रथाजनित संरक्षित बनको संरक्षण तथा सदुपयोगमा रहेका समुदायका सदस्यहरु रहने प्रतिनिधिमूलक परिषद रहनेछ ।

(२) **परिषदमा निम्न बमोजिमको सदस्यहरु रहनेछन् ।**

(क) तुतु-तुम्याहाङः  ज्येष्ठता, अनुभव, प्रथाजनित ज्ञान समेतको आधारमा

- ✓ किपट क्षेत्रको भुगोल भित्र थेबे थरगत सयङबाट चयन भई आएको समुदायको प्रतिनिधि थोसुथिम्बा  (अध्यक्ष)–१
- ✓ थेबे किपट क्षेत्र भित्र बसोबास गर्ने समुदायका सदस्यहरु –५
- ✓ सन्दकपुर गा.पा. का प्रतिनिधि सदस्य -१
- ✓ सन्दकपुर गा.पा. सम्बन्धित वडाका वडाध्यक्ष - २
- ✓ थेबे किपट बनमा आश्रित समुदायका सदस्यहरु– ३
- ✓ किरात याक्थुङ चुम्लुङका प्रतिनिधि - १
- ✓ थेबे थरगत समुदाय –१
- ✓ आदिवासी जनजाति महासंघ, पालिका - १

(३) अनुभव र कार्य क्षमताको आधार थोसुथिम्बा (अध्यक्ष), फा थोसुथिम्बा (उपाध्यक्ष) सुहाङमिवा (सचिव), याङ्देम्वा (कोषाध्क्ष)  फा सुहाङमिवा  पासिङ (सदस्य) लगायतको जिम्मेवारी तोकिनेछ । परिषदले आवश्यकता अनुसार र उपयोगिताको आधारमा परिषदका सदस्यहरु रहनेगरी विषयगत समितिहरु पनि बनाउन सक्नेछ ।

(४) परिषदका सदस्यहरु थेबे किपट क्षेत्रमा भित्र तथा सीमा नजीक  स्थायी बसोबास रहेका घरधुरीबाट भेला हुने महिला, पुरुष, अपांगता भएका आदिवासी, युवा (तुतुतुम्याहाङ, याक्लागेन सुहाङ, नालिगेन थाङवेन) बाट चयन गरिनेछ । परिषदमा रहने योग्य सदस्यहरुको मनोनयन तथा चयन समुदायले गर्नेछ । परिषद चयनको लागि नियम वा कार्यविधि आवश्यकता अनुसार परिषदले बनाउन सक्नेछ ।

## ८. तुम्याहाङ परिषदको काम कर्तब्य अधिकारः

(१) परिषदको काम कर्तब्य अधिकार निम्न बमोजिम रहनेछः-

(२) परिषद स्वायत्त, स्वशासित, अविछिन्न उत्तराधिकारवाला संस्थाको रुपमा रहनेछ।

(३) परिषदले आफ्नो नाममा चल अचल सम्पत्ति खरीद विक्रि गर्ने, आफ्ना नामबाट मुद्दामामिला चलाउनेलगायतका प्रचलित नेपाल कानूनमा कानूनी ब्यक्तिले उपभोग गर्न पाउने अधिकार, दायित्व, जिम्मेवारी सम्पुर्ण निर्वाह गर्न सक्नेछ।

(४) **परिषले नीति, कार्ययोजना, कार्यक्रम लगायत गर्न पाउनेः** परिषदले थेबे (लिम्बु) किपट बन, वातावरण, जैविक विविधता, पर्यावरण, जलाधार, पारिस्थितिकीय प्रणाली, आदिवासी ज्ञान तथा सीप, सम्पदा, अनुवांशिक तथा प्रजातिय विविधता लगायतलाई संरक्षण, सम्बर्धन सदुपयोग गर्न नीति, कार्ययोजना बनाई लागू गर्ने।

(५) **वन, वातावरण, जैविक विविधता, अनुवांशिक स्रोतको अभिलेखिकरणः** परिषदले आफ्ना क्षेत्रभित्रको वन, वातावरण, जैविक विविधता, अनुवांशिक स्रोतको स्थानीय सरकारको समन्वयमा अभिलेखिकरण गर्ने छ।

(६) **समन्वय गर्ने :** परिषदले वन, वातावरण, जैविक विविधता, पर्यावरण, जीवजन्तुलाई विनास गर्ने, चोरी शिकार गर्ने कार्यलाई नियन्त्रण गर्न गाउँपालिका तथा अन्य सम्बन्धित निकायसँग समन्वय गरी काम गर्ने।

(७) वन, वातावरण, पर्यावरण जैविक विविधताको सदुपयोग गरी पर्यापर्यटन संचालन गर्न आवश्यक नीति, समिति, कार्ययोजना, कार्यक्रम वनाउने।

(८) स्थानीय समुदाय, महिला, अपांगता भएका आदिवासी, युवाहरुको जिविकोपार्जन तथा आर्थिक विकासकोलागि नीति, कार्ययोजना, कार्यक्रम, परियोजना तर्जुमा गरी लागू गर्ने।

(९) वातावरण, जैबिक विविधता, पर्यावरण, आदिवासीको भूमि तथा स्रोतको अधिकार सम्बन्धी नेपाल पक्ष रहेको अन्तराष्ट्रिय श्रम संगठन महासन्धि नं १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७, जैबिक विविधता सम्बन्धी महासन्धि १९९२, कुनमिन मोन्ट्रियल फ्रेमवर्क लगायतका अन्तराष्ट्रिय कानून र प्रचलित नेपाल कानून समेतको आधारमा जैबिक विविधता, पर्यावरण तथा वातावरण संरक्षण गर्ने कार्य गर्नेछ। यसको कार्यान्वय गर्न गाउँपालिकालाई समन्वय, समितिलाई आवश्यक सहजीकरण र निर्देशन दिनेछ।

(१०) आदिवासी सांस्कृतिक सम्पदा संरक्षण गर्न सम्पदाको अभिलेखिकरण, कार्ययोजना तर्जुमा छुट्टै समिति गठनलगायतका आवश्यक कार्य गर्नेछ।

(११) परम्परादेखि बन, बनपैदावार, जडीबुटी संकलन, घाँस दाउरा लगायतका आवश्यकीय स्रोतको प्रयोग गरी आएका घरधुरी, समुदाय, समुदायका सदस्यलाई बन, वातावरण, जैबिक विविधता, पर्यावरण संरक्षण हुने गरी उपभोग गर्न दिने।

(१२) वन, वातावरण, जैविक विविधता, पर्यावरण, बन्यजन्तु संरक्षण, पर्यापर्यटनबाट प्राप्त स्रोत वातावरण, जैविक विविधता संरक्षण, समुदायको आर्थिक, सांस्कृतिक, समाजिक, शैक्षिक

लगायतका  विकासमा खर्च गरिनेछ । स्रोतको परिचालन र खर्चमा गाउँपालिका, प्रदेश र संघ सँग प्रचलित कानून बमोजिम परिषदले आवश्यकता अनुसार समन्वय गर्न सक्नेछ ।

(१३) परिषदले बन, वातवारण, जैविक विविधता, पर्यावरण संरक्षण गर्न सुरक्षा व्यवस्था, जनशक्ति, स्वयंसेवकको व्यवस्था गर्नेछ ।

(१४) परिषदले बन, वातवारण, जैविक विविधता, पर्यावरण, सम्पदा, मुन्धुमी ज्ञान, वातावरण संरक्षणको सामुदायिक ज्ञान, सीप, अभ्यासको अध्ययन, अनुसन्धान दस्तावेजीकरण, अभिलेखिकरण, संचारका उपयुक्त माध्यम(पुस्तक,प्रतिबेदन, पत्र पत्रिका, (इलेक्ट्रोनिक, इन्टरनेटलगायत)  प्रकाशन तथा प्रचार प्रसार लगायतका संरक्षणात्मक कार्य गर्ने ।

(१५) गाउँपालिकासँगको समन्वयमा यस ऐन तथा प्रचलित कानून बमोजिम पर्यापर्यटन संचालन गर्न अनुमति दिने तथा नवीकरण गर्ने ।

९. **परिषदको कार्याविधि र बैठकः** परिषदको कार्यावधि तीन बर्षको हुनेछ र यसको बैठक बर्षमा कम्तीमा पनि एकपटक र आवश्यकता अनुसार जतिपटक पनि बस्न सक्नेछ । वैठकका निर्णयहरु सहमतिमा गरिनेछ । अपबादको अवस्थामा मतदानको आधारमा पनि गर्न सकिनेछ । मतदानमा लैजान अघि सहमति लैजान प्रयाश गरिनेछ । वैठकको निर्णयहरु गर्दा वन संरक्षणमा थेबेहरुले गर्दै आएको वन संरक्षणको प्रथाजनित अभ्यासलाई कायम राखिनेछ ।

## परिच्छेद ५
## सामुदायिक कार्यान्वयन समिति

**१०. सामुदायिक कार्यान्वयन समितिः**

(१) परिषदलो बनाएको वन, वातावरण नीति, कार्ययोजना, निर्णय, कार्यक्रम, परियोजनालाई व्यवस्थापन, समन्वय, कार्यान्वयन गर्न परिषदबाट चयन भएको .निम्नानुसारको एक समिति रहनेछ ।

- ✓ परापुर्बकालदेखि थेबे किपट क्षेत्र (सिमा) भित्र बस्ने घरधुरीबाट समितिको  अध्यक्ष - १
- ✓ थेबे किपट क्षेत्र सीमाक्षेत्रमा बस्ने घरधुरीबाट  समितिको उपाध्यक्ष - १
- ✓ थेबे किपट क्षेत्रभित्र बसोबास गर्ने घरधुरीबाट सचिव - १
- ✓ थेबे किपट क्षेत्रभित्र बसोबास गर्ने घरघुरीबाट कोषाध्यक्ष - १
- ✓ थेबे किपट सीमा बाहिर बस्ने किपट स्रोतमा पहुँच रहेका घरधुरीबाट सदस्य - ४ ( कम्तीमा २ जना महिला अनिवार्य)

**११. समितिको काम कर्तब्य अधिकारः**

(१) समितिले यस ऐनले प्रदान गरेका साथै निम्न अनुसारको कार्य गर्नेछ ।

(२) समितिले परिषदले बनाएको कानून, नियम, कार्ययोजना तथा निर्देशनको लागू गर्नेछ ।

(३) समितिले परिषदले गरेको निर्णय तथा निर्देशन अनुसार बन, वातावरण, जैविक विविधता, पर्याबरण संरक्षण गर्न आवश्यक काम गर्नेछ ।
(४) वातावरण, जैबिक विविधता, पर्यावरण, आदिवासीको भूमि तथा स्रोतको अधिकार सम्बन्धी नेपाल पक्ष रहेको अन्तराष्ट्रिय कानून  र प्रचलित नेपाल कानून समेतको आधारमा जैबिक विविधता, पर्यावरण तथा वातावरण संरक्षणमा परिषदले दिएको निर्देशन अनुरुप गर्ने कार्य गर्नेछ ।
(५) समितिले बन तथा वातावरण विनास नहुने गरी वन तथा स्रोतमा आश्रित समुदायका सदस्यहरुलाई बन, चरन, जडीबुटी संकलन लगायतका परम्परादेखि  प्रयोग गर्दै आएका  कार्य सदुपयोग गर्न दिने ।
(६) समितिले समुदायले परम्परादेखि उपयोग गदै आएको स्रोतको सदुपयोग गर्ने वातावरण  मिलाउन आवश्यक काम गर्नेछ ।
(७) वातावरण, जैविक विविधता, पर्यावरण तथा बन्यजन्तुलाई असर पुऱ्याउने, चोरी शिकारी गर्ने, बनफँडानी, अबैध जडीबुटी संकलन, बन क्षेत्रमा अबैध प्रवेश गर्ने, गराउने, बन्यजन्तु असर पुऱ्याउनेलाई कानून  बमोजिम कारबाही गर्नेछ । यसता कारबाही गर्न परिषद, गाउँपालिका तथा सम्बन्धित निकायलाई शिफारिस गर्नेछ ।

## परिच्छेद ६
## अग्रिम सुसूचित स्वतन्त्र जानकारी सहितको मञ्जूरी

### १२. अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरीः
(१) यस ऐन बमोजिम थेबे(लिम्बु) किपट क्षेत्र भित्रका विषयमा परिषद, समिति बाहेकका जोसुकैले गर्ने जुनसुकै कार्य, गतिविधिले बन, वातावरण, जैविक विविधता, पर्यावरण, जीवजन्तु, संस्कृति, सम्पदा, मुल्यमान्यता, समुदायलाई प्रभावित पार्ने कुरामा थेबे (लिम्बु) किपट सिमाभित्र बसोबास गर्ने समुदायसँग, समुदायले चयन गरेका प्रतिनिधिहरुमार्फत उपदफा
(२) अनुसार अग्रिम जानकारी सहितको स्वतन्त्र मञ्जूरी लिन पर्नेछ ।
(३) अग्रिम जानकारी सहितको स्वतन्त्र मञ्जुरीको  प्रकृया,  कार्यविधि परिषदले बनाई लागू गर्ने छ ।

## परिच्छेद ७
## जैविक विविधता, पर्यावरण र वातावरण संरक्षण सम्बन्धी ब्यवस्था

**१३. (१) परिषदले गाउँपालिका, सम्बन्धित सरकारी निकायसँग आवश्यकता अनुसार सहकार्य, समन्वयन, सहयोग लिई वा आफै वन, वातावरण, जैविक विविधता, पर्यावरण स्वच्छ, संतुलित राख्न, दिगो संरक्षण र उपयोग गर्न निम्न बमोजिम कार्य गर्नेछः–**

(क) वातावरण, संस्कृति,मानवीय क्रियाकलाप, जैविक वातावरणमा पारिस्थितिकीय प्रणालीको सिस्टम), प्रणाली, जैविक विविधता, आनुवांशिक विविधता वीच संतुलन कायम गर्न जैविक विविधता, पर्यावरण र वातावरणको संरक्षण गर्ने ।

(ख) वन, वातावरण, जैविक विविधता, पर्यावरण, जीवजन्तु संरक्षण गर्न अविछिन्न पुस्तान्तरण हुँदै अभ्यासमा रहेका आदिवासीको मौलिक मान्यता, आध्यात्मिक विस्वास,  मुन्धुमी आस्था, सांस्कृतिक अभ्यास, ज्ञान सीप, आविष्कारको संरक्षण, सम्बर्द्धन, विकास र प्रबर्द्धन गर्ने ।

(ग) बन क्षेत्रमा वन, वातावरण, जनावर जैविक विविधतालाई नाश गर्ने वा नकारात्मक असर पार्ने, बाढि पहिरो जाने, वातावरण विकार्ने कार्बन उत्र्सजन गर्ने,  पुर्वाधार विकासकोलागि प्रयोग हुने मेशीन उपकरण, डोजर, स्क्याभेटर, विस्फोटक पदार्थको प्रयोग लगायतका यस्तै प्रकारका गतिविधि गर्न नपाईने ।

(घ) जलवायु परिवर्तनका असरलाई न्युनीकरण गर्न मद्‌दत पुग्ने, प्रदुषण रोक्ने, जलधार तथा पानिका मुहानहरु संरक्षण गर्ने, असल बातावरण संरक्षणको अभ्यासलाई कायम तथा बढावा दिने, जलस्रोत, खनीजको अति दोहन गरी वातावरण विगार्ने कार्य निषेध गर्ने जस्ता रचनात्मक कार्यबाट वातावरण संरक्षण गरी मानिस तथा जीवजन्तु स्वस्थ्यरुपमा बाँच्न पाउने वातावरण निर्माण गर्न कार्य गर्ने ।

(ङ) रेडपाण्डा लगायतका वन्यजन्तुको संरक्षण गर्दै पर्यापर्यटन सम्बन्धी दिगो गतिविधि संचालन गर्ने।

(च) वन, वातावरण, जैविक विविधता, पर्यावरणको सदुपयोगबाट प्राप्त हुने आम्दानीको सामुदायिक विकास, वातावरण संरक्षण, लाभको समन्यायिक वितरण, पारदर्शि र जवाफदेही तरिकाले सदुपयोग गर्ने ।

(छ) पर्यापर्यटनको विकास, प्रबर्द्धन र संरक्षणकालागि परिषद तथा अन्य समितिलाई सुझाव दिने तथा सिफारिस गर्ने ।

## परिच्छेद ८
## कोषको स्थापना र संचालन सम्बन्धी व्यवस्था

**१४. कोषको स्थापना र सञ्चालनः** (१) थेबे (लिम्बु) किपट वन, वातावरण, जैविक विविधता,पर्यावरण, सम्पदा संरक्षण सदुपयोग, विनास रोक्न तथा पर्यापर्यटन संचालन गर्न सामुदायिक कोष रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरु रहनेछन्:

(क) वन, वातावरण, जैविक विविधता, पर्यावरणको प्रयोग वा सदुपयोगबाट उठ्ने रकम,

(ख) पर्यापर्यटन संचालनबाट उठ्ने शुल्क, सहयोग, योगदान लगायत,

(ग) नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र स्थानीय निकायबाट प्राप्त रकम,

(घ) स्वदेशी तथा विदेशी ब्यक्ति, संघसंस्थाबाट अनुदान, पुरस्कार, प्रोत्साहन, सहयोगबाट प्राप्त रकम,

(ङ) विदेशी सरकार वा अन्तराष्ट्रिय संघ संस्थाबाट प्राप्त रकम ।

(च) यस ऐन बमोजिमका कार्य गर्दा प्राप्त हुने रकम ।

(३) उपदफा २ (ख) मा उल्लिखित पर्यापर्यटनबाट उठ्ने शुल्कबापतको रकमो ४० प्रतिशत परिषदमा र ६० प्रतिशत गाउँपालिकामा जानेछ । गाउँ पालिकामा जाने रकममा आफ्नो कुल आम्दानीबाट समेत वार्षिक बजेट विनियोजन गरी गाउँपालिकाले थेबे (लिम्बु) किपट संरक्षीत क्षेत्रको बन, वातावरण, जैविक विविधता, पर्यावरणको संरक्षण, विकास र प्रबर्द्धनमा खर्च गर्नेछ ।

(४) विदेशी अनुदान वा सहयोग लिँदा प्रचलित नेपाल कानून बमोजिम सम्बन्धित निकायबाट अनुमति लिइनेछ ।

(४) कोषको संचालनः कोषको संचालन परिषदले गर्नेछ ।

(५) समितिको खाता सञ्चालनः समितिको अध्यक्ष, सचिव र कोषाध्यक्ष तीन जनाको नाममा बैंक खाता खोलिने छ । कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुने गरी अध्यक्ष वा सचिव मध्ये कुनै एक जना गरी दुइजनाको हस्ताक्षरमा खाता संचालन गरिनेछ ।

(६) कोषको प्रयोगः यस ऐन बमोजिमका कार्य गर्न र परिषद वा समितिको गतिविधि संचालन गर्नसमेत कोषको रकम प्रयोग हुनेछ ।

(७) कोष संचालनको लागि गाउँपालिकाको समन्वयमा आवश्यक कार्यविधि परिषदले बनाउने छ ।

**१५. नियमः** यस ऐनको कार्यान्वयनका लागि परिषदको सिफारिसमा गाउँपालिकाले आवश्यकता अनुसार नियम, कार्यविधि बनाउन सक्नेछ ।

**१६. ऐनको सामन्जस्य कार्यान्वयनः** यस ऐनको कार्यान्वयन गर्दा नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन २०७४ अन्य सम्बन्धित प्रचलित नेपाल कानून, अन्तराष्ट्रि श्रम संगठन महासन्धि नं १६९, आदिवासीहरुको अधिकार सम्बन्धी संयुक्त राष्ट्र संघीय घोषणापत्र २००७, जैविक विविधता सम्बन्धी महासन्धि १९९२, कुनमिन मोन्ट्रियल बायोडाइर्भसीटि फेमवर्क (कुनमिङ मोन्ट्रियल जैविक विविधता

सम्बन्धी नीति) लगायत नेपाल पक्ष रहेका अन्तराष्ट्रिय कानूनसँग सामञ्जस्य कायम गरी कार्यान्वयन गरिनेछ ।


**१७. प्रदेश र संघ सरकारको भुमिका** : यस ऐनको कार्यान्वयनमा प्रदेश र संघबाट आर्थिक र प्राविधिक सहयोग प्राप्त गर्न सकिनेछ ।

**१८. सरकारी तथा गैरसरकारी लगायत अन्य संघसंस्था** (राष्ट्रिय तथा अन्तराष्ट्रिय) **संग सहकार्य** : यस ऐनको कार्यान्वयनको लागि प्रचलित नेपाल कानूनसमेतलाई ध्यानमा राखी सरकारी तथा गैरसरकारी लगायत अन्य संघसंस्था (राष्ट्रिय तथा अन्तराष्ट्रिय) संग आवश्यकता अनुसार सहकार्य गर्न सकिनेछ ।

**१९. बाधा अडकाउ फुकाउनेः** यस ऐनको कार्यान्वयन वा समितिहरुको कामकारबाहीमा कुनै बाधा अड्काउ उत्पन्न भएमा  गाउँकार्यपालिकाले ती वाधा, अडकाउ र ब्यवधानलाई फुकाउने कार्य गर्नेछ ।

**२०. संशोधन तथा खारेजी** : यस ऐन संशोधन गर्नू पर्ने भएमा गाउँकार्यपालिकाको सिफारिसमा गाउसभाले संशोधन गर्न सक्नेछ साथै पालिकाले खारेज गर्न आवश्यक ठानेमा कार्यपालिकाको सिफारिसमा गाउँसभाले खारेज गर्न सक्नेछ ।

अनुसूची १
थेबे लिम्बु किपट बन, वातावरण, जैविक विविधता, पर्यावरणको क्षेत्रको नक्शा



## अनुसूची २

## थेबे लिम्बु किपट बन, वातावरण, जैविक विविधता, पर्यावरणको क्षेत्रको  गुगल नक्शा

